# माथागढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
Mathagadhi Rural Municipality
Office of the Rural Municipal Executive

झडेवा, पाल्पा
Jhadewa, Palpa
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal
Email: mathagadhimun@gmail.com
info@mathagadhimun.gov.np
Website: www.mathagadhimun.gov.np


चलानी नं. :
पत्र संख्या :

मिति:२०८३/०५/१६

## विज्ञप्ति

मिति २०८३ साल भदौ १० गते बुधबारका दिन रसुवा जिल्लाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीका कारण तटिय क्षेत्रका बजार, बस्ती तथा भौतिक पूर्वाधारहरुमा अत्यधिक क्षति पुगी व्यापक धनजनको क्षतिको खबरले सिंगो देश सँगै माथागढी गाउँपालिका पनि अत्यन्त मर्माहत एवं दु:खी भएको छ।

उक्त विपद्मा परी ज्यान गुमाउने सम्पूर्ण नागरिकहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दछौं। साथै घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछौं।

विपद्को यस विषम परिस्थितिबाट प्रभावित नागरिकहरुको खोज, उद्धार, राहत तथा पुर्नस्थापना राष्ट्रिय सहकार्य एवं पारस्परिक कार्यमा ऐक्यबद्धता प्रकट गर्दै राहत सहयोग स्वरुप माथागढी गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरु, सम्पूर्ण कर्मचारीहरु, शिक्षकहरुको पारिश्रमिक तथा सेवा सुविधाबाट रकम कट्टी गर्नुका साथै गाउँपालिकाको महिला लक्षित कार्यक्रम र गाउँपालिकाको विपद् व्यवस्थापन कोषबाट समेत गरी कुल जम्मा **रु.३४,४६,०००/- (चौतीस लाख छयालीस हजार रुपैया मात्र)** राहत सहयोग स्वरुप प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने निर्णय भएको व्यहोरा माथागढी गउँ कार्यपालिकाको मिति २०८३/०५/१६ गतेको निर्णयानुसार जानकारी गराउँदछौं।

ध्रुव दयाल
प्रमुख प्रशासकीय अधिकृत

यम बहादुर चिदी
अध्यक्ष